# आ.व. २०७२/७३ को दोस्रो चौमासिक तथा अष्ट मासिक सुपरिवेक्षण प्रतिवेदन

# नमस्कार

प्रस्तोताः डिलाराम भण्डारी-सुपरिवेक्षक, मध्यमाञ्चल

# विभागस्तर सुपरिवेक्षकहरु

- श्री रमानन्द मिश्र - सुपरिवेक्षक, पूर्वाञ्चल
- श्री डिलाराम भण्डारी - सुपरिवेक्षक, मध्यमाञ्चल
- श्री रमिता मानन्धर- सुपरिवेक्षक, पश्चिमाञ्चल
- श्री डिल्ली राम शर्मा- सुपरिवेक्षक, मध्यपश्चिमाञ्चल
- श्री निरु दाहाल पाण्डे- सुपरिवेक्षक, सूदूरपश्चिमाञ्चल

# चौमासिक प्रगति समिक्षा गोष्ठी सन्चालन

| विकास क्षेत्र | मिति | स्थान | सुपरिबेक्षक |
|---|---|---|---|
| पूर्वान्चल | २४-२६ चैत २०७२ | तरहरा | श्री रमानन्द मिश्र |
| मध्यमान्चल | २६-२८ चैत २०७२ | शैक्षिक तालिम केन्द्र, काभ्रे | श्री डिलाराम भण्डारी |
| पश्चिमान्चल | २६-२८ चैत २०७२ | पोखरा | श्री रमिता मानन्धर |
| मध्यपश्चिमान्चल | २४-२६ चैत २०७२ | दांग | श्री डिल्ली राम र्शमा |
| सुदुर पश्चिमान्चल | २३-२४ चैत २०७२ | डडेल्धुरा | श्री निरु दाहाल पाण्डे |


# कृषि विभाग अन्तर्गतका कार्यालयहरु

| निर्देशनालय र आयोजना | निर्देशनालय र आयोजना संख्या | रा.का | तालिम केन्द्र | प्रयोगशाला | शाखा, केन्द्र, कार्यालयहरु | क्वारेन्टिन पोष्ट | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| जम्मा | १९ | ९ | ६ | १७ | ११८ | १५ | १८४ |
| बैदेशिक श्रोतमा सन्चालित आयोजनाहरु:**IWRMP, RISMFP, CMIASP, RJKIP** | | | | | | | |

## सेवा प्रवाह अवस्था

- कुल ७५ जिल्ला कृषि विकास कार्यालय अन्तर्गत ३७८ कृषि सेवा केन्द्रहरुमा १४०८ प्रा.स./ना.प्रा.स. कार्यरत
- तराई, मध्य पहाड र उच्च पहाडमा कृषि सेवा केन्द्रको अनुपात ४:६:४
- प्रा.स./ना.प्रा.स. र सेवा केन्द्रको अनुपात १:२.७, प्रा.स./ना.प्रा.स.र कृषक घरधुरीको अनुपात १:३७६०, प्रा.स./ना.प्रा.स. र गा.वि.स.को अनुपात १:२.३, प्रा.स./ना.प्रा.स. र खेति गरिएको जमिनको अनुपात १:३०७५ हे. रहेको
- न्यून कृषि प्राविधिक जनशक्तिबाट ग्रामीणस्तरसम्म सेवा प्रवाह प्रभावकारी रुपमा हुन नसकिरहेको यथार्थ

# जनशक्ति विवरण




कुल दरवन्दी - ५०६२ पदपुर्ति -४०६३ रिक्त -९९९ रिक्त प्रतिशत -१९.७३

# दोश्रो चौमासिक तथा अष्टमासिक प्रगति स्थिति

**दोश्रो चौमासिक**

एकमुष्ट भारित प्रगति प्रतिशत : ७३.५४

एकमुष्ट वित्तिय प्रगति प्रतिशत : ४७.६५

**अष्टमासिक**

एकमुष्ट भारित प्रगति प्रतिशत : ७२.४३

एकमुष्ट वित्तिय प्रगति प्रतिशत : ४८.०८

# बेरुजू फछ्र्यौंट प्रगति विवरण

| बेरुजू विवरण | आ.व. २०७२/७३ मा फछ्र्यौंट गर्नुपर्ने बेरुजू रकम रु. हजारमा | आ.व. २०७२/७३ मा बेरुजु फछ्र्यौंट रकम रु. | हालसम्मको फछ्र्यौंट प्रतिशत |
|---|---|---|---|
| जम्मा | रु. २२ करोड ८० लाख ६५ हजार | रु. ३ करोड ९३ लाख ९३ हजार | १७.२७ |

## राष्ट्रको सन्देश

देशको समग्र विकासमा सम्पूर्ण राजनैतिक पार्टीहरुको मुख्य प्राथमिकता कृषि, पर्यटन र उर्जा भएकाले कृषि क्षेत्रको महत्वपूर्ण योगदान स्पष्ट हुन्छ ।

# राष्ट्रस्तरमा कृषि विकासका उत्कृष्ठ कार्यहरु

१. कृषि विकासको सन्दर्भमा केही बर्ष देखि गरिएका प्रयत्न स्वरुप तरकारी उत्पादनमा प्लाष्टिक घर र टनेलको प्रयोगबाट बाह्रै महिना हरिया तरकारी बजारमा उपलब्ध हुन सकेको छ ।

२. कृषि व्यवसायीकरणको दौरानमा Chemical Pesticide को बढ्दो प्रयोगबाट भएको नकारात्मक प्रभावको बारेमा जनचेतना जगाउने कार्यमा बिषादी परीक्षण कार्यले गर्दा उत्पादनकर्ता, बिक्रेता र उपभोक्तामा बिषादी प्रयोग न्यून गर्ने तर्फ सकारात्मक सन्देश प्रवाह भै रहेको ।

३. कृषकको माग बमोजिम मध्यपहाडी जिल्लाहरुमा खेत जोत्नको लागि केन्द्रीय तथा स्थानीय निकायबाट पावरटिलर, मिनिटिलरको वितरण कार्य व्यवस्थित हुदै गईरहेको र तराइमा ट्र्याक्टर तथा कम्वाइन हार्भेस्टर प्रयोग गरी कृषकहरु यान्त्रिकीकरण तर्फ तिव्र रुपमा उन्मुख भई रहेका छन् ।

४. बगर खेति झापा, कैलाली, कंचनपुर, डोटी, दाङ, डडेलधुरा जिल्लामा व्यवसायिक बन्दै जाँदा सिमान्तकृत कृषकको आयमा बृद्धि भैरहेको छ ।

५. नेपालमा तरकारी, माछा, कफी, अलैची तथा किवी खेती तर्फ कृषकहरु व्यवसायीक बन्दै गएका छन् । यसले ठलो सकारात्मक परिर्वन ल्याएको छ ।

६. नेपाली युवाहरुले स्वतस्फूर्तरुपमा जग्गाको चक्लाबन्दि गर्दै जगालाई Lease मा लिएर कृषि फार्मको रुपमा बिकास गरी व्यवसायिक खेती गर्नै तर्फ आकर्षित भैरहेका छन् ।

७. धानको उत्पादनका बृद्धि गर्न बर्षे धानमा मात्र केन्द्रीत हुने परम्पराबाट यो बर्ष देखि चैते धानको विस्तार मार्फत नेपाल औपचारिक रुपमा Double Rice system मा कार्यक्रम कार्यान्वयनको प्रारम्भ भएको छ ।

८. कृषि व्यवसायमा प्रदान गरिने तालिमको प्रभावले गर्दा आधुनिक प्रविधिलाई तिव्र रुपमा आत्मसाथ गर्ने तर्फ महिलाहरुको सहभागिता एवं अग्रसरता बढेको छ । उदाहरणको लागि पावरटिलर, मिनीटिलर र राईस ट्रान्सप्लाण्टर मा सहभागिता बढेको छ । यसले नेपाली समाज विकास तर्फको रुपान्तरणलाई संकेत गरिरहेको छ ।

९. कृषि व्यवसायलाई व्यवसायिकरण तर्फ रुपान्तरण गर्ने सन्दर्भमा आवश्यक संस्थाहरु निर्माण भैरहेका छन् । जस्तै कृषक समूह, कृषक सन्जाल, कृषि सहकारी, कृषि कम्पनीहरु । कृषकको प्रतिनिधित्व स्वरुप उनीहरुको पहुँच एवं संलग्नता सरकारको केन्द्रीय देखि स्थानीय निकाय सम्म प्रभावकारी हुँदै गएको छ ।

१०. कृषि बिकासका सन्दर्भमा भए गरेका बिविध गतिबिधिहरु कृषक तथा नीति निर्माता समक्ष पुऱ्याउन संचार क्षेत्र (Media) को बढ्दो संलग्नताले कृषि क्षेत्रको महत्व बढ्दै गएको छ ।

११. कृषि सूचना तथा संचार केन्द्र मार्फत **"किसान कल सेन्टर"** शुरुवात भएकोले, विविध विषयका कृषि विज्ञ र कृषक विच अन्तरक्रियाबाट कृषकहरुको आधुनिक प्रविधिमा पहुँच भै लाभान्वित हुँने वातावरण बनेको छ ।

१२. नेपालमा निजी क्षेत्रको संलग्नतामा पुष्प व्यवसाय व्यवसायीकरण हुँदै गएको छ । यो व्यवसाय तिव्र गतिमा रोजगामुलक बन्दै गएको छ ।

१३ गैरसरकारी संघसस्था तथा सहकारीहरुले कृषि क्षेत्रमा प्रसस्त लगानी गरिरहेको ।

१०. कृषि बिकासका सन्दर्भमा भए गरेका बिविध गतिबिधिहरु कृषक तथा नीति निर्माता समक्ष पुर्‍याउन संचार क्षेत्र (Media) को बढ्दो संलग्नताले कृषि क्षेत्रको महत्व बढ्दै गएको छ ।

११. कृषि सूचना तथा संचार केन्द्र मार्फत **“किसान कल सेन्टर**” शुरुवात भएकोले, विविध विषयका कृषि विज्ञ र कृषक विच अन्तरक्रियाबाट कृषकहरुको आधुनिक प्रविधिमा पहुँच भै लाभान्वित हुँने वातावरण बनेको छ ।

१२. नेपालमा निजी क्षेत्रको संलग्नतामा पुष्प व्यवसाय व्यवसायीकरण हुँदै गएको छ । यो व्यवसाय तिव्र गतिमा रोजगामुलक बन्दै गएको छ ।

- जिल्लास्तरमा गरिएको उत्कृष्ठ प्रयास

## व्यवस्थापकीय पक्षः

- वरिष्ठ कृषि विकास अधिकृतको पहलमा धेरै जसो जिल्लाहरुमा जि.वि.स. र गा.वि.स.बाट कृषि क्षेत्रको लागि उल्लेखनीय रकम विनियोजित भएको पाईयो । यसबाट प्रत्येक गा.वि.स.स्तरमा कृषि विकासका गतिविधि संचालन गर्न ठूलो सघाउन पुगेको छ ।

- जिल्लाहरुमा संचालित गैह्र सरकारी संस्थाहरुबाट समेत Outsourcing गर्ने तर्फ जि.कृ.वि.का.को पहल सह्रानीय रहेको छ ।

# कृषि विकासका समसामयिक समस्याहरु

**जनशक्ति व्यवस्थापन:**

क. लोकसेवाबाट पास गरी आउने नयाँ व्यक्तिहरु जिल्लामा नगै पहुँचको आधारमा केन्द्रमा पदस्थान हुने प्रथा ।

ख. राजनैतिक आडमा कर्तव्यको खोजीमा भन्दा आर्थिक र सुविधाको खोजीमा कर्मचारीहरु वीच प्रतिस्पर्धा

ग. कृषि विकास मन्त्रालय अन्तरगतका क्षे.कृ.नी., जि.कृ.वि.का., आयोजनाहरु आकर्षक र प्राथामिकता, यसैमा ठूलो जनशक्ति विगत लामो समय देखि अल्झि रहेको छ ।

घ. कार्यक्रम निर्देशनालयमा कार्यरत प्रथम श्रेणीको रोजाई क्षेत्रीय कार्यालय, द्वितीय श्रेणीको रोजाई जि.कृ.वि.का.र तृतिय श्रेणी तथा प्रा.स./या.प्रा.स.को रोजाई आयोजनाहरु हुने गरेको छ। अतः कार्यक्रम निर्देशनालयको प्रभावकारीता कमजोर हँदै गएको छ।

ङ. Team Building बनाएर काम गर्ने वातावरण निर्माण हुन सकिरहेको छैन।

## प्राविधिक तर्फ

क. जिल्ला स्थित कार्यालयहरुबाट केन्द्रीय निकायहरुमा कार्यक्रमको प्रगति प्रतिवेदन प्रतिवेदित गर्दा एकरुपता आउन नसकेको।

# कृषि विकासका समसामयिक समस्याहरु......

ख.फार्मकेन्द्र, प्रयोगशालामा काम गर्ने प्राविधिकहरुलाई जोखिम तथा प्रोत्साहन भत्ताको व्यवस्था जटिल हुनु,

ग. हालको बजेट खर्च विद्यमान संरचनाबाट संभव नहुने ।

घ. अनुदान प्रणाीलीमा एक रुपता नहुनु। कार्यविधिहरु धेरै भए, बोझ बढी भयो ।

च. कार्यक्रम बजेट स्वीकृति र नर्मस् स्वीकृति बिच तालमेल मिलि रहेको छैन ।

**छ**.. गहुंको अनुदानमा वितरण हुने विउको मूल्य निर्धारण प्रकृया ढिलो हुंदा सुदुरपश्चिम र पहाडी जिल्लाहरुले यसबाट लाभ लिन नसकेको, सो कार्य असोज महिना अगाडी गरिनु पर्ने

**ज**. सवारी साधनको अभाव, आबश्यकता अनुरुप सवारी साधनको ब्यबस्था हुनुपर्ने

झ.जग्गा खण्डीकरण, भू–उपयोग नीति २०६९ लागु हुन नसक्नु ।

ञ. बजारमा विक्री हुने चामलका विभिन्न ब्राण्डले नेपालमा उन्मोचन भएका विभिन्न जातहरुको पहिचान खुल्न नसकेको, केही ब्राण्डले उपभोक्तालाई Mislead गरेको (जस्तैः जिरा मसीनो भनि विभिन्न गुणस्तरका चामल बजारमा उपलब्ध हुने गरेको) ।

ट. कृषि उपज बजारहरु संचालनमा सरोकारवाला निकायहरुले बजार संचालन गर्ने सम्पूर्ण अधिकार आँफैले लिने प्रयास गरी द्वन्द श्रृजना भएको ।

ठ. माछ्रा बाहेकका अन्य बाली बिमा गर्दा लागत खर्चको मात्र विमा गरिने भएकोले कृषकको आकर्षण कम देखिएको ।

ड. धेरै जसो पहाडी र उच्च पहाडी जिल्लामा स्थानीय अभिकर्ता नभएकोले बिमा गराउनका लागि कृषकहरुलाई जागरुक गराउन समस्या भएको

च. कार्यालयमा स्थिर भई काम गर्ने तर्फ भन्दा अनुगमनमा रमाउने culture को विकास भैरहेको छ ।

# जिल्ला/फार्म केन्द्रहरुमा देखिएका समस्याहरु

- सरकारी फार्म केन्द्रहरु भौतिक, आर्थिक, प्राविधिक हिसाबले अझै कमजोर अवस्थामा रहेको । यसले गर्दा फार्म केन्द्रमा जनशक्ति काम गर्न जान समेत नरुचाउने गरेको ।
- केही फार्म केन्द्रहरुमा साविकको बगैंचे र चौकिदार पद हटाई कार्यालय सहयोगीको पदमा रुपान्तरण गरिएकोले बगैंचा व्यवस्थापन र फार्म सुरक्षा व्यवस्थापनमा कठीनाई उत्पन्न भएको ।
- माथिल्लो निकायबाट अनुगमन सुचक अनुसार तल्लो निकायहरुको अनुगमन नहुनु

# जिल्लामा देखिएका समस्याहरु

- जिल्लास्थित कार्यालयमा दरबन्दि अनुसार कर्मचारी नभएको (पूर्वाञ्चलमा १५.४, मध्यमाञ्चलमा २२.६०, पश्चिमाञ्चलमा २१.५६, मध्यपश्चिमाञ्चलमा २२.८ र सूदूर पश्चिमाञ्चलमा १८.५ प्रतिशत रिक्त),
- विभिन्न आवधिक आयोजनामा सम्बन्धित कार्यालयको राय नलिई काजमा कर्मचारी राख्ने प्रवृत्तिले जिल्लास्तरको कार्यसम्पादनमा बाधा परेको ।
- सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा धानको सर्जुं ५२ र पूर्वाञ्चलमा रञ्जित मंसुली रजिष्ट्रेशन हुन नसकेको
- सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा धैरै मात्रामा लगाइरहेको केराको जी ९ जात रजिष्ट्रेशन हुन नसकेको
- कृषि विमा र युवा लक्षित लगायतका कार्यक्रमको कार्यान्वयन प्रक्रिया झन्झटिलो,

- **जिल्लामा देखिएका समस्याहरु........**
- कतिपय जिल्लाहरुले फार्म/केन्द्रहरुबाट बीउ नकिनि एग्रोभेटहरुबाट किन्ने गरेकाले वीउको मौज्दात रहने ।
- जिल्लाहरुमा हालसम्मको प्रयासले कृषिको व्यवसायिकरण र औद्योगिकरणमा हाँसिल भएको प्रगतिको बारेमा एकरुपता संग प्रतिवेदन प्राप्त हुन नसकेको ।
- पश्चिमाञ्चल क्षेत्रको काश्कि र स्याङ्गजामा कफिमा सिंदुरे रोग देखा परेको ।
- जिल्लास्तरमा धेरै अघि देखि माटो जाँच गर्न शुरु गरिएता पनि सोको प्रतिवेदन अनुसार जिल्लामा माटो सुधारको लागि कार्यक्रम तर्जुमा हुन नसकेको ।

# कृषि बिकास कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक सुझावहरु

**केन्द्रीयस्तरका निकायहरुका लागि (कृषि विकास मन्त्रालय/विभाग/निर्देशनालय )**

१. फार्म/केन्द्र/प्रयोगशाला/क्वारेन्टाइन कृषि विकासको लागि मेरुदण्ड भएकाले यिनीहरुको सशक्तिकरण गर्न आवश्यक छ । यिनीहरुको विकास कमजोर भएमा जिल्लामा कृषि विकास कार्यक्रम कमजोर हुने, Multinational company को वर्चस्व बढ्ने, देश परनिर्भरता तर्फ जाने ।

२. प्राङ्गारिक खेतीमा सहभागि उत्पादक, व्यवसायी, होटल/रेष्टुराँ/समूह/सहकारी गाउँ देखि सहरसम्मको Inventory तयार हुनु पर्ने ।

३. विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला स्थापना भए पछि विषादी प्रयोग सम्बन्धी जनचेतनामा व्यापक अभिबृद्धि भएको छ तसर्थ यस्ता प्रयोगशालाहरु पाँचैवटा विकास क्षेत्रमा विस्तार गर्न आवश्यक देखिएको छ ।

# सुझाब

४. केही नर्मसहरु कार्यक्रम अनुसार फरक फरक भई कार्यान्वय गर्ने अवस्थामा जिल्लास्तरमा द्विविधा उत्पन्न भएकोले कृषि विभागबाट सम्बन्धित बाली विशेष उत्पादन प्रवर्द्धनसंग सम्बन्धी नर्मसहरुमा एकरुपता ल्याउन पहल हुनुपर्ने ।

५. रेशम खेती प्रवर्द्धन कार्यक्रम अगाडि बढाउने वा स्थगित गर्ने । रेशम खेतीको प्रगति विगत लामो समय देखि सकारात्मक नदेखिएकोले यसबारे केन्द्रीय स्तरमा छलफल गरी निर्णय गर्नु पर्ने वा मौरी र च्याउलाई ती फार्म केन्द्रहरुमा थप्ने ।

६. कृषि विभागले कृषिको व्यवसायिकरण र औद्योगिकरण मापन गर्ने (कृषिमा आधारित उद्योग, बीउ कम्पनीको विवरण सहित) सूचकहरु बनाई सबै जिल्लाहरुबाट सोको प्रतिवेदन नियमित रुपमा प्रतिवेदित गर्ने व्यवस्था मिलाउनु पर्ने ।

# सुझाब

७. कृषकहरुमाझ जैविक विषादीको माग बृद्धि हुदै गएकोले नेपाल कृषि अनुसन्धान परिषद्ले स्थानीय जडीबुटीमा अनुसन्धान कार्य अघि बढाउनुपर्ने र बाली संरक्षण निर्देशनालयले जैविक विषादी तर्फ प्राथमिकताका साथ कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।

८. नेपालमा कृषिको विकास गरी आत्मनिर्भर हुनेहो भने प्रमुख नदीहरु महाकाली, कर्णाली, नारायणी र कोशीको पानीलाई Diversion गरी तराईमा सिंचाइ बढाउनु पर्छ। साना सिंचाइ कार्यक्रमबाट यो संभव हुदैन।

९. फार्म केन्द्रहरुमा साविकको बगैंचे र चौकिदार पद कायम गरी बगैंचा व्यवस्थापन र फार्म सुरक्षा व्यवस्थापनमा कार्यलाई प्रभावकारी बनाउनु पर्ने।

१०. असीनाले पुऱ्याएको क्षती दैवि प्रकोपमा नपर्ने भएको तर यसले वेला वेलामा कृषकहरुलाइ ठूो नोक्सान पुऱ्याउने भएकाले यसलाइ पनि दैवि प्रकोपमा पार्नका लागी **कृषि विकास मन्त्रालयवाट** पहल हुनु पर्ने देखिन्छ ।

११. JADP बाट स्थापना कालदेखि वितरण गरिएका डिप ट्यूवेलको प्रभावकारिताको समिक्षा गरिनु पर्ने ।

१२. अति आश्यक अवस्थामा बाहेक E-MONITORING प्रणालीलाई प्राथामिकता दिने ।

# जिल्ला कृषि विकास कार्यलयहरुका लागि सुझावहरु

- जिल्ला स्थित कार्यालयहरुबाट केन्द्रीय निकायहरुमा कार्यक्रमको प्रगति प्रतिवेदन प्रतिवेदित गर्दा एकरुपता आउन नसकेको सन्दर्भमा सबै जिल्ला स्थित कार्यालय प्रतिवेदन फर्मेट अनुसार नै प्रतिवेदिन गर्ने व्यवस्था मिलाउने ।

- जिल्ला कृषि विकास कार्यालयहरुलले बनाउने कार्यक्रममा फार्म/केन्द्र/ प्रयोगशालामा क्वारेन्टाइनको प्रगति विश्लेषणको आधार लिनु पर्ने । जि.कृ.वि.का. ती संस्थाहरु प्रति उत्तरदायित्व हुनु पर्ने ।

- व्यवसायिक उत्पादनमा लागेका कृषकहरुलाई स्थानीय एग्रोभेटहरुले आफ्नो व्यक्तिगत नाफाको लागि सिफारिस मात्रा भन्दा बढी विषादी लगायत हर्मोन, पोषक तत्व प्रयोग गर्न तथा सूचिकृत नभएका बीउ बिजन प्रयोग गर्न प्रोत्साहन गरिरहेको स्थितीमा सो कार्यलाई निरुत्साहित गर्न जिल्ला कृषि विकास कार्यालयले जिम्मेवारीका साथ आवश्यक नियमन कार्य प्रभावकारी बनाउनु पर्ने ।

# फार्म केन्द्रको लागि सुझावहरु

- फार्म/केन्द्र (श्रोत केन्द्र) लाई बलियो र प्रभावकारी बनाउन चाहिने थप बजेट, जनशक्ति, कार्यक्रमका लागि फार्म/केन्द्र प्रमुखहरुले पहल गर्नु पर्ने ।
- फार्म केन्द्रले आफ्नो कमाण्ड क्षेत्र अन्तरगतका जिल्लाहरुमा प्रवाह गरेको बाह्य् सेवाको विवरण अनिवार्य रुपमा समिक्षामा प्रस्तुत गर्नुपर्ने ।
- जिल्लाको लागि चाहिने बीउ तथा बेर्नाको उत्पादन कार्यक्रम तय गर्न जि.कृ.वि.का. सँग समन्वय तथा अन्तरकृया गरी संस्थागत रुपमा अगाडी बढाउनु पर्ने ।

# खाद्यान्न बालीको व्यवसायिकरणका लागि विशेष सुझावहरु

१. न्यूनतम समर्थन मूल्य निर्धारण : धान रोप्नु भन्दा अगाडि न्यूनतम मूल्य निर्धारणको निर्णय गर्ने ।

२. सिचाई : स्याल्लो तथा डिप ट्यूवेल जडानको लागि ७५ देखि ८० प्रतिशत अनुदानको व्यवस्था गर्ने ।

३. सिचाइका सबै स्यालो ट्यूवेलहरुका लागि विद्युत महशुलमा ५० प्रतिशत अनुदानको नीति प्रभावकारी रुपमा कार्यानवयन हुनु पर्ने

४. कृषि यान्त्रिकीकरण : कृषिसँग सम्बन्धित यन्त्र, उपकरणहरु, लेभलर, कम्वाइन्ड हार्भेष्टर, पावर टिलर/ ट्याक्टरहरुमा ७५% अनुदानको व्यवस्था

५. धान नर्सरी व्याड व्यवस्थापन :

क. समुदायमा धानको नर्सरी व्याडका लागि केन्द्र बनाइनु पर्ने


ख. समुदायमा ट्रे–टाइपको नर्सरी (१.५ लाख/ केन्द्र १० हे.को चैते धानको लागि) व्यवस्था हुनु पर्ने ।

६. बीउ उत्पादन (समुदाय/सहकारी/कम्पनीद्वारा): ५० प्रतिशत मूल्य अनुदान गुणस्तरीय बीउ वितरण

७. पोष्ट हार्भेष्ट क्रियाकलापहरु : स्थानीय समूह/ समुदायका कम्पनीबाट थ्रेसिङ्ग (झार्ने), सुकाउने, भण्डारण र प्रोसेसिङ्ग गर्ने सुविधाहरुको व्यवस्थापन गराउने ।

८. धानका जातहरु :मसिना तथा छोटो अवधि (१०० दिन भन्दा कम) का जातहरुको विकास हुनु पर्ने ।

# दिगो एवं नाफामूलक कृषि व्यवसायका लागि



# केही तस्वीरहरु



तराइका जिल्लाहरुमा कम्बाइन हार्भेस्टरको प्रयोग गरी गहँ कटानी भै रहेको



Rice transplanter चैते धान रोप्ने कार्य भै रहेको झापा जिल्ला



पहाडी जिल्लाहरु प्रयोग भै रहेको मिनिटिलर

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं ।

धान/चामलको बढ्दो आयात कम गरी पर निर्भरता घटाऔं ।

IF YOU SALUTE YOUR DUTY

YOU NEED NOT SALUTE ANY BODY

BUT IF YOU POLLUTE YOUR DUTY

YOU HAVE TO SALUTE EVERY BODY

Dr. A.P.J. Abdul Kalam

# धन्यवाद !